# सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

## सानीभेरी राजपत्र

**खण्ड: ७** **संख्या :०८** **मिति: २०८०/११/०१**


# भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

## सानीभेरी गाउँपालिका औद्योगिक व्यवसाय कार्यविधि, २०८०

प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को दफा ३१ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सानीभेरी गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम 'सानीभेरि गाउँपालिका औद्योगिक व्यवसाय कार्यविधि, २०८०' रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "ऐन" भन्नाले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८ सम्झनु पर्छ ।

(ख) "नियमावली" प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ सम्झनु पर्छ ।

(ग) 'प्रमुख' भन्नाले सानीभेरी गाँउपालिकाको पालिका अध्यक्ष्य सम्झनु पर्दछ ।

(घ) 'उप प्रमुख' भन्नाले सानीभेरी गाउँपालिकाको उपा अध्यक्ष्य सम्झनु पर्दछ ।

(ङ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले सानीभेरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "गाउँपालिका " भन्नाले सानीभेरी गाउँपालिका सम्झनु पर्छ ।

## परिच्छेद - २

## उद्योग दर्ता अद्यावधिक उद्योग दर्ता तथा खारेजी सम्बन्धी व्यवस्था

३. **उद्योग दर्ता अधावधिक गराउनु पर्नेः** (१) यो कार्यविधि प्रारम्भ हुंदाका बखत प्रचलीत संघीय कानून बमोजिम स्थापना भई संचालनमा रहेका गाँउपालिका क्षेत्रभित्र पर्ने उद्योगहरुको अभिलेखीकरण तथा अद्यावधिकका लागि देहाय बमोजिमका कागजात संलग्न राखी निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ख) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) गाउँपालिकाले तोकेका अन्य आवश्यक कागजात ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा उद्योग दर्ता गर्दा गाउँपालिकले अभिलेख व्यवस्थित गरी उद्योग दर्ता प्रमाणपत्रमा अद्यावधिक भएको व्यहोरा जनाई दिनु पर्नेछ ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनु पर्नेः** उद्योग स्थापना गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले देहायका विवरण र कागजात सहित उद्योग दर्ताको लागि गाउँपालिका समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ख) निवेदक फर्म भए फर्म दर्ता प्रमाणपत्र वा कम्पनी भए कम्पनी दर्ताको प्रमाणपत्र प्रबन्धपत्रको प्रतिलिपि,

(ग) उद्योग रहने स्थानको नक्साइन सहितको विवरण,

(घ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(ङ) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदारबीच भएको सम्झौताको प्रतिलिपि,

(च) अनुसूची २ बमोजिमको परियोजना विवरण,

(छ) गाउँपालिकाले तोकेका अन्य आवश्यक कागजात ।

५. **<u>प्रमाणपत्र दिनु पर्नेः</u>** (१) कार्यविधिको दफा ४ बमोजिम प्राप्त निवेदन उपर गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा उद्योग दर्ताका लागि आवश्यक पर्ने सम्पूर्ण विवरण वा कागजात प्राप्त भएको देखिएमा उद्योग दर्ता गरी निवेदकलाई अनुसूची-३ बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने उद्योग दर्ताको प्रमाणपत्रमा अनुसूची-४ बमोजिम उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम शर्त तोक्दा गाउँपालिकाले उद्योगको प्रकृति अनुसार उद्योगले पालना गर्नु पर्ने अन्य आवश्यक शर्तहरु समेत उल्लेख गर्न सक्नेछ ।

६. **<u>अबधि थपको लागि निवेदन दिनु पर्नेः</u>** उद्योग संचालन वा अफ्नो व्यवसायको व्यवसायिक उत्पादन तथा कारोवार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित अवधि समाप्त हुनुभन्दा कम्तिमा तीस दिन अगावै त्यस्तो अवधि थप गर्दा अनुसूची- ५ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिदा घरेलु तथा साना उद्योगको हकमा पन्ध्र हजार रुपैयाँ विलम्ब शुल्क बुझाएको निस्सा समेत संलग्न राखु पर्नेछः-

(३) उपदफा (१) बमोजिम दिइएको निवेदनका सम्बन्धमा गाउँपालिकाले कुनै थप विवरण, कागजात वा जानकारी माग गर्नुपर्ने देखेमा सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी माग गरी आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा गाउँपालिकाले त्यस्तो विवरण, कागजात वा जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र उद्योगको प्रकृति, उद्योग सञ्चालनका लागि हालसम्म भएको प्रगति, अवधि थप गर्नु पर्ने औचित्य समेतका आधारमा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिमा बढीमा एक वर्षको लागि त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप गर्न सक्नेछ ।

(५) यो कार्यविधि प्रारम्भ हुनुपूर्व दर्ता भएका उद्योगले उपदफा (१) बमोजिम अवधि थपको लागि निवेदन नदिएको वा व्यवसायिक कारोवार नगरेको भए यो कार्यविधि प्रारम्भ भएको मितिले छ महिनाभित्र गाउँपालिका समक्ष अवधि थपको लागि निवेदन दिन सक्नेछ ।

७. **<u>उद्योग स्थानान्तरणः</u>** (१) गाउँपालिकाको कुनै ठाउँमा संचालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले गाँउपालिका भित्र स्थानान्तरण गर्नु पर्ने भएमा सोको कारण खुलाई निवेदन दिनुपर्नेछ ।उद्योग स्थानान्तरणका लागि निवेदन दिँदा देहायका विवरण र कागजात सहित अनुसूची ६ वमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ-

(क) करचुक्ता प्रमाणपत्र,

(ख) प्राइभेट लिमिटेड कम्पनी, मुल्यअभिवृद्धी करमा दर्ता भएका साझेदारीमा स्थापना भएका उद्योगको हकमा अघिल्लो आर्थिक वर्ष सम्मको लेखापरीक्षण प्रतिवेदन,

(ग) उद्योग स्थानान्तरण गर्ने वडा कार्यालयको सिफारिस,

(घ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(ङ) उद्योग सञ्चालन गर्दा ऐन वा प्रचलित कानून बमोजिम कुनै छुट सुविधा वा सहुलियत प्राप्त गरेको भए त्यस्तो छुट सुविधा वा सहुलियत प्रदान गर्ने निकायको सहमति,

(च) अनुसूची २ बमोजिमको अद्यावधिक परियोजना विवरण ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिव देखिएमा गाँउपालिकाले अवधि तोकी उद्योग स्थानान्तरण गर्दा सम्बन्धित उद्योगले पालना गर्नु पर्ने अन्य कुनै शर्त भए सो समेत उल्लेख गरी अनुसूची- ७ बमोजिमको ढाँचामा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिव नदेखिएमा गाँउपालिकाले सोको जानकारी निवेदकलाई सात दिनभित्र दिनु पर्नेछ ।

८. **<u>उद्योगको पूँजी वृद्धि क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्न निवेदन दिनु पर्नेः</u>** (१) कुनै उद्योगले आफ्नो विद्यमान पूँजी, क्षमता वृद्धि वा उद्देश्य थप वा परिवर्तन या हेरफेर गर्न देहायका विवरण र कागजात सहित गाँउपालिका समक्ष अनुसूची- ८ वमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ-

(क) करचुक्ता प्रमाणपत्र,

(ख) अनुसूची- ९ बमोजिमको अद्यावधिक विवरण,

(ग) पूँजी वृद्धि, क्षमता वृद्धि वा उद्देश्य थप वा परिवर्तन गर्ने सम्बन्धमा सम्बन्धित कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा संशोधन गरेको भए सोको प्रतिलिपि,

(घ) साझेदारी फर्म भए साझेदारबीच भएको सम्झौताको प्रतिलिपि,

(ङ) प्रचलित कानून बमोजिम कुनै निकायको सिफारिस आवश्यक पर्ने भए सम्बन्धित निकायको सिफारिसपत्र,

(च) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन |

(२) उपदफा (१) बमोजिम प्राप्त विवरण तथा कागजात जाँचबुझ गर्दा निवेदनलाई पुष्ट्याई गर्ने कुनै थप विवरण वा कागजात आवश्यक भएमा गाँउपालिकाले त्यस्तो विवरण वा कागजात निवेदकसँग माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भएको विवरण वा कागजात निवेदकले सात दिनभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम निवेदन, विवरण वा कागजात जाँचवुझ गर्दा उद्योगको स्थलगत निरीक्षण गर्न आवश्यक देखिएमा गाउँपालिकाले त्यस्तो उद्योगको स्थलगत निरीक्षण गरी वा गराई सोको प्रतिवेदन लिन सक्नेछ ।

(५) उपदफा (१) र (२) बमोजिमको निवेदन विवरण तथा कागजात र उपदफा (४) वमोजिमको स्थलगत निरीक्षण प्रतिवेदन समेतको आधारमा स्वीकृति दिन मनासिव देखिएमा गाउँपालिकाले ऐनको दफा ११ को उपदफा (२) बमोजिम उद्योगको विद्यमान पूँजी वृद्धि, क्षमता वृद्धि वा उद्देश्य थप वा परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) गाउँपालिकामा तीन लाखभन्दा बढी पूँजि राखी पुंजी वृद्धि गर्न निवेदन आएमा जिल्ला स्थित उद्योग तथा उपभोक्ता हित कार्यालयमा सक्कल फाइल सहित पठाइने छ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि उद्योगको उद्देश्य थप गर्दा थपिने उद्देश्य र साविकको उद्देश्य वीच उत्पादन, उत्पादन प्रक्रिया, कच्चा पदार्थ तथा ऐनको दफा १७ को उपदफा (२) को वर्गीकरणमा समेत फरक नपर्ने गरी गर्नु पर्नेछ ।

९. **विवरण पेश गर्नु पर्नेः** (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र देहायका विवरण वा कागजात गाँउपालिका समक्ष पेश गर्नु पर्नेछः-

(क) कर चुक्ता प्रमाणपत्र,

(ख) स्वीकृत र जडित क्षमता,

(ग)अनुसूची ९ बमोजिमको उद्योगको अद्यावधिक विवरण ।

(२) उपदफा (१) बमोजिमको विवरण वा कागजात गाँउपालिकाले निर्धारण गरेको तरिका अनुसार विद्युतीय माध्यमबाट पनि पेश गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम विवरण वा कागजात प्राप्त भएपछि गाउँपालिकाले आफ्नो अभिलेख अद्यावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ ।

(४) यो कार्यविधि प्रारम्भ हुनुपूर्व दर्ता भएका उद्योगले उपदफा (१) बमोजिम विवरण वा कागजात नबुझाएको भए यो कार्यविधि प्रारम्भ भएको मितिले छ महिना भित्र गाउँपालिका समक्ष बुझाउनु पर्नेछ ।

१०. **उद्योग बन्द गरेको जानकारी दिनुपर्नेः** कुनै उद्योगले आफूले सञ्चालन गरी आएको उद्योग बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोवार स्थगन गरेमा सोको जानकारी गाउँपालिकामा अनुसूची- १० बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

११. **दर्ता खारेज सम्बन्धी व्यवस्थाः** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भई उद्योगको दर्ता खारेज गर्नुपर्ने भएमा उद्योगको दर्ता खारेजीका लागि देहायको विवरण र कागजात सहित गाउँपालिका समक्ष अनुसूची ११ वमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ--

(क) लिक्वीडेटर नियुक्त भएको भए त्यस्तो लिक्वीडेटरले पेश गरेको उद्योगको खारेजी सम्बन्धी प्रतिवेदन,

(ख) लिक्वीडेटर नियुक्ति नभएको भए मान्यता प्राप्त मूल्याङ्गनकर्ताबाट तयार गरिएको उद्योगको जायजेथाको मूल्याङ्कन प्रतिवेदन,

(घ) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको प्रमाणित हुने विवरण वा कागजात,

(ङ) उद्योगले सरकारी दायित्व तथा अन्य दायित्व फरफारक गरेको प्रमाणित हुने विवरण वा कागजात,

(च) कर चुक्ता प्रमाणपत्र,

(छ) उद्योग दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(ज) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(झ) उद्योगको विरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनी सम्बन्धित उद्योगले गरेको स्वः घोषणा ।

(२) उपदफा (१) बमोजिम कसैको निवेदन परेमा गाउँपालिकाले सो उद्योगसँग कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए पैंतीस दिनभित्र सोको प्रमाण सहित लिखित रुपमा दावी पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्न सम्बन्धित उद्योगीलाई आदेश दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार निर्धारित अवधिभित्र कसैको दावी परी जाँचवुझ गर्दा कुनै दायित्व बाँकी रहेको भए त्यस्तो दायित्व फरफारक गर्न गाँउपालिकाले सम्बन्धित उद्योगीलाई आदेश दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश अनुसार सम्बन्धित उद्योगीले दायित्व फरफारक गरेको देखिएमा गाउँपालिकाले सात दिनभित्र सो उद्योगको दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम गाउँपालिकाले दिएको आदेश बमोजिम फरफारकको कार्य सम्पन्न नभएसम्म वा त्यस्तो उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वका सम्बन्धमा कुनै अदालतमा मुद्दा परीविचाराधीन रहेको अवस्थामा मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगतकट्टा हुने छैन।

१२. **<u>अभिलेख माग गर्दा निवेदन दिनु पर्नेः</u>** (१) कुनै उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्तिले गाउँपालिका आफूसँग सरोकार राख्ने कागजात वा अभिलेख माग गर्दा अनुसूची १२ वमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा निवेदन माग वमोजिम कागजात र विवरण उपलब्ध गराउन उपयुक्त देखिएमा गाँउपालिकाले प्रति पृष्ठ पाँच रुपैयाँका दरले प्रतिलिपि दस्तुर लिई त्यस्तो कागजात वा अभिलेख प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ ।

१३. **<u>दर्ता प्रक्रिया निर्धारण गर्नु पर्नेः</u>** गाउँपालिकाले सेवा प्रवाह सम्बन्धी कार्यलाई एकरुपता ल्याउनका लागि उद्योग दर्ता प्रक्रियामा लाग्ने समय, लागत, निर्णयमा संलग्न हुने तह तथा सेवाग्राहीले प्राप्त गर्ने सेवा सम्बन्धी प्रक्रिया तथा मापदण्ड बनाई लागू गर्नेछ ।

१४. **<u>सहकारी संस्थाले उद्योग दर्ता गर्न सक्नेः</u>** (१) प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका देहायका सहकारी संस्थाले ऐन तथा यस कार्यविधि र त्यस्तो संस्थाको विधानको अधीनमा रही उद्योग दर्ता गर्न सक्नेछः-

(क) उत्पादक सहकारी संस्था,

(ख) उपभोक्ता सहकारी संस्था,

(ग) श्रमिक सहकारी संस्था,

(घ) बहुउद्देश्यीय सहकारी संस्था ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने वित्तिय सहकारी संस्थाले उद्योग दर्ता गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिम उद्योग दर्ता गर्न चाहने सहकारी संस्थाले देहायका कागजातहरु संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछः-

(क) सहकारी संस्थाको विनियमको प्रतिलिपि,

(ख) उद्योग सञ्चालन गर्ने सम्बन्धमा साधारण सभाबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) निवेदन दिन प्रतिनिधी नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(घ) उद्योग स्थापना हुने स्थानको वडाको सिफारिस,

(ङ) सहकारी संस्थाको अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन, शेयर सदस्यको शेयर लगत सहितको विवरण |

१५. **<u>वर्गीकरण अद्यावधिक गर्न निवेदन दिनु पर्नेः</u>** (१) उद्योगको वर्गीकरण हुन चाहने उद्योगले देहायको विवरण र कागजात संलग्न गरी अनुसूची- १३ वमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछः-

(क) उद्योगको वर्गीकरण अद्यावधिक गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय,

(ख) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षणप्रतिवेदन,

(ग) करचुक्ता प्रमाणपत्र,

(घ) अख्तियारीपत्र दिएको भए सोकोसक्कल पत्र,

(ङ) कुन वर्गमा अद्यावधिक गर्ने हो सो वर्गको लागि योग्य भएको पुष्टि हुने कागजात विवरण।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचवुझ गर्दा उद्योग वर्गीकरण गर्न उपयुक्त देखिएमा गाउँपालिकाले सात दिनभित्र त्यस्तो वर्गीकरण अद्यावधिक गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद - ३
## विविध

१६. **<u>करार गरी उत्पादन गर्न सक्ने</u>:** (१) कुनै उद्योगले अन्य निर्यातमुलक उद्योगको लागि वस्तु वा सेवाको उत्पादन गर्दा देहायको मापदण्ड पुरा पर्नेछः-

(क) करारमा वस्तु उत्पादन गर्ने उद्योग प्रचलित कानून वमोजिम दर्ता भएको,

(ख) करारमा कुनै वस्तु वा सेवा उत्पादन गर्ने उद्योगले सो वस्तु वा सेवा उत्पादन गर्न उद्योग दर्ता गर्ने निकायवाट प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त गरेको,

(ग) करारमा वस्तु वा सेवा उत्पादन गराउने उद्योगको उत्पादन हुने वस्तु वा सेवाको ट्रेडमार्क दर्ता भएको वा हक कायम भएको,

(घ) उत्पादनकर्ता उद्योगले आफ्नो स्वीकृत क्षमताको सीमा भित्र रहेर मात्र वस्तु वा सेवा उत्पादन गरेको।

(२) उपदफा (१) बमोजिमको मापदण्ड पुरा गरेको निर्यातमूलक उद्योगले निर्यात गरेको वस्तुको परिमाणका आधारमा प्रचलित कानून वमोजिम छुट सुविधा वा सहुलियत पाउन सक्नेछ ।

१७. **<u>उजुरी उपर जाँचबुझः</u>** (१) निवेदन दिंदा मर्का पर्ने पक्षले सोसँग सम्बन्धित पुष्टधाई हुने विवरण तथा कागजातहरु समेत संलग्न राखी अनुसूची- १३ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिकाको कार्यालयले आवश्यक जाँचबुझ गरी गराई सो सम्बन्धमा आवश्यक निर्देशन तथा सम्बन्धित कर्मचारीलाई आवश्यकता अनुसार निजको कार्यसम्पादनमा सुधार गर्न सचेत गराउन वा प्रचलित सेवा शर्त सम्बन्धी कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

## अनुसूची - १

(दफा ४ सँग सम्बन्धीत)

उद्योग दर्ताको लागि दिने निवेदनको ढाँचा

मितिः.........................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सानीभेरी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम)

विषयः उद्योग दर्ता गरिदिने सम्बन्धमा ।

महोदय,

सानीभेरी गाउँपालिका वडा नं......... मा...........उद्देश्य रहेको ..............नामको उद्योग स्थापना गर्न सानीभेरी गाउँपालिका औद्योगीक व्यवसाय कार्यविधि, २०८० को दफा ४ बमोजिमको विवरण र कागजात यसैसाथ संलग्न राखी उद्योग दर्ताको लागि निवेदन गरेको छु/छौं । निवेदनमा उल्लेख भएको व्यहोरा ठिक साँचो छ ।झुट्टा ठहरेमा कानून बमोजिम सहुला बुझाउँला।

निवेदकको पूरा नाम थरः
निवेदकको हस्ताक्षरः
नागरिकता प्रमाणपत्रको नम्बरः ................. जारी मितिः............. जिल्लाः..............
निवेदकको ठेगानाः
सानीभेरी गाउँपालिका वडा नं... टोल / मार्गः... घर नम्बरः............सम्पर्क..........फोननम्बरः........... फ्याक्स नम्बरः......... इमेलः............
संलग्न कागजातहरुः

१. अनुसूची २ बमोजिमको परियोजना प्रस्ताव,
२. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि (कम्पनीको हकमा मात्र),
४. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भएमा),
५. अन्य निकायको सहमति (जस्तै पर्यटन, स्वास्थ्य, औषधी, सञ्चार, वन, श्रम आदिसँग सम्बन्धित उद्योग भएमा),
६. सम्बन्धित वडाको सिफारिस,
७. अन्य कागजात ।

## अनुसूची - २

(दफा ४ को उपदफा (१) को खण्ड (च), दफा ७ को उपदफा (१) को खण्ड (च) सँग सम्बन्धित

परियोजनाको विवरण

१. उद्योगको नाम :

२. उद्योग रहने स्थलः सानीभेरी गाउँपलिका वडा नं...

३. पत्राचारको ठेगाना र फोन नं. :

सम्पर्क व्यक्तिको नाम :

४. विशेष आर्थिक क्षेत्रको नाम :

५. उद्योगकको स्तर साना मझौला ठूला

६. उद्योगको कानूनी रुप : नीजि फर्म ( ) साझेदारी फर्म ( )

प्रा.ली. कम्पनी ( ) पब्लीक लिमिटेड कम्पनी ( )

७. उद्योगको वर्ग :

उर्जामूलक उद्योग ( ) उत्पादा मूलक उद्योग ( )

कृषि तथा वन पैदावारमा आधारित उद्योग ( ) खनिज उद्योग ( ) निर्माण उद्योग ( ) सेवामूलक उद्योग ( ) पर्यटन उद्योग ( ) सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग ( )

८. उत्पादन हुने वस्तु वा सेवाको विवरणः

| क्र.सं. | वस्तु वा सेवाको विवरण | वार्षिक क्षमता | एकाइ | विक्री मूल्य दर (रु.) | कुलविक्री मूल्यारु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

९. परियोजना लागत तथा लगानीको स्रोत

| | लगानी (रु.) | लगानीको स्रोत | |
|---|---|---|---|
| स्थिर पूंजी | | स्वः लगानी (रु.) | ऋण लगानी (रु.) |

| | | | |
|---|---|---|---|
| चालू पूँजी | | | |
| कुल पूँजी | | | |

१०. स्थिर पूंजी विवरणः

| क.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | जग्गा (क्षेत्रफल ....... ) | | |
| २. | भवन (क्षेत्रफल ........) | | |
| ३. | मेशिनरी उपकरण | | |
| ४. | फर्निचर फिक्स्चर, अफिस उपकरण | | |
| ५. | सवारी साधन | | |
| ६. | पूर्वाधार सचालन खर्च | | |
| ७. | अन्य | | |
| | कुल स्थिर पूँजी | | |

११. चालू पूँजीको विवरणः

| क.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | कच्चा पदार्थ (...... महिना / दिनको लागि) | |
| २. | अर्थ तयारी वस्तु | |
| ३. | उधारो (...... महिना / दिनको लागि) | |
| ४. | अन्य | |
| | कुल | |

१२. मेशिनको विवरणः

| क.सं. | नाम | आवश्यक सङ्ख्या | मूल्य (रु.) |
|---|---|---|---|
| | | | |

नोटः आवश्यक भएमा मेशिनको प्रयोजन र बौचित्य बारे पुष्टभाई पेश गर्नु पर्नेछ ।

१३. उद्योगले प्रयोग गर्न आवश्यक कच्चा पदार्थको विवरणः

| क.सं. | कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकि सामाग्रीको नाम | एकाइ | दर | वार्षिक आवश्यक परिमाण | कूल रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१४. जनशक्ति विवरणः

| | | | |
|---|---|---|---|
| विवरण | | | |
| कर्मचारी (प्रशासनिक ) | | | |
| कर्मचारी (प्राविधिक) | | | |
| कामदार उच्च दक्ष | | | |
| दक्ष | | | |
| अर्धदक्ष | | | |
| अदक्ष | | | |
| जम्मा | | | |

१६. उद्योगमा प्रयोग हुने इन्धन तथा पानीः

| किसिम | वार्षिक परिमाण | एकाई | स्रोत |
|---|---|---|---|
| विद्युत शक्ति | | के.भि.ए. | |
| डिजेल | | कि.ली. | |
| LDO फर्नेश आयल | | कि.ली. | |
| कोइला | | मे. टन | |
| धानको भुस | | मे. टन | |
| पानी | | लि. | |
| अन्य | | | |

१७. उद्योग सञ्चालनबाट प्रभावित हुन सक्ने वातावरणीय पक्षहरू

| वातावरणीय अयवहरु | दुरी /विवरण | प्रतिकूल असर | प्रतिकूल असर न्यूनिकरणका उपायहरु |
|---|---|---|---|
| जल स्रोत | | | |
| कृषिजन्य भूमि | | | |
| वन स्रोत | | | |
| मानव वस्ती | | | |
| अस्पताल वा स्वास्थ्य केन्द्र | | | |
| धार्मिक/ साँस्कृतिक सम्पदा | | | |
| अन्य (उल्लेख गर्ने) | | | |

१८. मुख्य लगानीकर्ताको विवरणः

| | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| लगानी कर्ताको नाम | | | | |
| बाबुको नाम | | | | |
| बाजेको नाम | | | | |
| नागरिकता/राहादानी | | | | |
| पत्राचारको ठेगाना | | | | |
| फो नं. | | | | |
| इमेल | | | | |
| लगानीको प्रतिशत | | | | |
| हस्ताक्षर | | | | |

१९. विदेशी लगानी वा प्रविधि हस्तान्तरण भएमा लगानीकर्ताको विवरणः

(क) नाम, थर (ख) मुलुक

(ग) राहदानी नम्बरः

(घ) जारी भएको स्थानः

(ङ) बहाल अवधिः

(च) भिसा नम्बरः

(छ) जारी गरेको स्थानः

(ज) अवधिः

(झ) मूल कम्पनीको आधारिक पत्रः भए/नभएको पत्राचार गर्ने ठेगानाः

स्थानीय प्रतिनिधिको नाम र ठेगानाः

सम्पर्कः फोन नं.ः फ्याक्स नं.इमेलः

नोटः

१. लगानीकर्ता कम्पनी भएमा सो कम्पनीको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली कम्पनीको मुख्य कार्यालय रहेको पूरा ठेगाना समेत खुलाउनु पर्नेछ ।

२. विवरण फाराम पूर्ण रुपमा भरिएको हुनु पर्नेछ ।

३. माथिका विभिन्न महलमा विवरण भर्ने ठाउँ पर्याप्त नभएमा छुट्टै भरी पेश गर्न सकिनेछ ।

४. व्यावसायिक उत्पादन वा कारोवार शुरु भएको मितिले तीन महिनाभित्र पुनः यो फाराम भरी विवरण अध्यावधिक गर्नु पर्नेछ ।

## अनुसूची - ३

(दफा ३ को उपदफा (२) र दफा ५ को उपदफा (१) सँग सम्बन्धित )

उद्योग दर्ता प्रमाणपत्र

सानीभेरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुकुम पश्चिम

कर्णाली प्रदेश, नेपाल

उद्योग दर्ता प्रमाण-पत्र

उद्योग दर्ता नं.ः- मितिः-

अद्यावधिक गरिएको भए अद्यावधिक नं.ः- मितिः-

सानीभेरी गाउँपालिका औद्योगीक व्यवसाय कार्यविधि, २०८० को दफा ५ वमोजिम निम्न अनुसारको विवरण भएको उद्योग दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको प्रमाण- पत्र प्रदान गरिएको छ ।

१. उद्योग सञ्चालकको नामः

२. उद्योगको नामः

३. उद्योगको ठेगानाः

४. उद्योगको उद्देश्यः

५. उद्योगको कुल पूँजी रु.

(क) स्थिर पूँजी रु

(ख) चालु पुँजी रु

६. उद्योगको वर्गः लघु उद्यम / घरेलु उद्योग / साना उद्योग

७. उद्योग सञ्चालन हुने सिफ्ट सङ्ख्याः

८. आवश्यक विद्युत शक्तिः

९. उद्योग सञ्चालन दिन (प्रति वर्ष ):

१०. उद्योगले उत्पादन गर्ने वस्तु वा सेवाको प्रकारः

११. आवश्यक पर्ने जनशक्तिः

१२. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार सुरु गर्न पर्ने अवधिः

१३. उत्पादन क्षमताः

१४. अन्यः

(प्रमाणित गर्ने अधिकृत)

नोटः

उद्योगले पालना गर्नु पर्ने शर्तहरू यस प्रमाणपत्रको पछाडि उल्लेखछ ।

उद्योगको पूँजी वृद्धि / क्षमता वृद्धि / नामसारी / लागयतका अन्य निर्णयहरू

| क्र.सं. | निर्णयको व्यहोरा | प्रमाणित गर्नेको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |

प्रचलित कानूनमा तोकिएका अतिरिक्त उद्योगले देहाय बमोजिमका शर्तहरू

१. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्न पर्नेछ ।

२. उद्योगमा विदेशी पूँजी लगानी प्रविधि उपभोग गर्नु परेमा विभागको पूर्व स्वीकृति लिनुपर्नेछ ।

३. उद्योग चालु भएपछि गाउँपालिकामा वार्षिक प्रतिवेदन, कार्य प्रगति र उत्पादन विवरण सम्बन्धी मासिक/चौमासिक प्रतिवेदन अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

४. मौसमी (सिजनल) वा अन्य कारणले बन्द रहेको भए कारण खुलाई सूचना गर्नु पर्नेछ ।

५. वातावरण सम्बन्धमा गाउँपालिकाबाट दिईने निर्देशन तथा शर्तहरू पालना गर्नु पर्नेछ । उद्योगबाट निस्कने फोहोरलाई उचित व्यवस्थापन गर्नु पर्नेछ ।

६. उद्योगमा कार्यरत कर्मचारी वा श्रमिकलाई पारिश्रमिक दिंदा अनिवार्य रुपमा वैक खातामार्फत भुक्तानी दिनु पर्नेछ ।

७. औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचार संहिता पालना गर्नु पर्नेछ ।

८. उद्योग वरिपरिका बासिन्दालाई हानि नोक्सानी नपर्ने गरी उद्योग संचालन गर्नु पर्ने ।

## अनुसूची - ४

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित )

उद्योग संचालन वा व्यावसायिक उत्पादन वा प्रारम्भ गर्नु पर्ने अवधिः-

(क) कृषि तथा वन पैदावारमा आधारित उद्योग

| | | |
|---|---|---|
| १ | फलफुल खेती वा फलफुल प्रशोत्धन | एक वर्ष |
| २ | खाद्य वस्तु प्रशोधन | छ महिना |
| ३ | पशुपालन, (अष्टिज समेत) पंक्षीपालन पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन | छ महिना |
| ४ | दूध उद्योग दूधका (परीकार उत्पादन समेत) | छ महिना |
| ५ | मत्स्यपालन, माछा भूरा उत्पादन , प्रशोधित एवं प्याकेशजङ्ग | छ महिना |
| ६ | रेशम खेती / रेशम प्रशोधन | छ महिना |
| ७ | चिया बगान / चिया प्रशोधन | छ महिना |
| ८ | कफी खेती / कवफ प्रशोधन | छ महिना |
| ९ | जडीबट्टी खेती / जगडबट्टी प्रशोधन | छ महिना |
| १० | तरकारी विऊ विजन उत्पादन | छ महिना |
| ११ | हरित गृह स्थापना र संचालन | छ महिना |
| १२ | मौरी पालन (मौरी प्रजनन मह उत्पादन र प्रशोधन | छ महिना |
| १३ | तरकारी खेती र तरकारी प्रशोधन | छ महिना |
| १४ | पुषप खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने गुच्छा गराउने र बिऊ विजन उपादन समेत) | छ महिना |

| | | |
|---|---|---|
| १५ | नर्सरी व्यवस्थापन | छ महिना |
| १६ | रबर खेती, रवरको प्रारम्भीक प्रशोधन र संचालन | दई वर्ष |
| १७ | शित भण्डार कृषि बजार स्थापना तथा संचालन | एक वर्ष |
| १८ | सामुदायिक कबुलियति साझेदारी र निजी वनको स्थापना र व्यवस्थापन | एक वर्ष |
| १९ | नगदेवालीको व्यावसायिक खेतीतथा प्रशोधन (जस्तैः ऊखु, कपास, नपाट सजिवन, स्वीट, सरघम, स्टेभियारेवोडिएन सुर्ती, जुट, अलैची, अदुवा केशर, तेलहन र यस्तै मसलनवाली, दलहन आदी) | छ महिना |
| २० | वेत बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु | छ महिना |
| २१ | वनस्पति उद्यान स्थापना र व्यवस्थापन | छ महिना |
| २२ | वनस्पति प्रजनन व्यवसाय (टिस्युकल्चर समेत | छ महिना |
| २३ | अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित | छ महिना |

(ख) सूचना तथा संचार प्रविधिमा आधारित

| | | |
|---|---|---|
| १ | इन्टरनेट सेवा | छ महिना |
| २ | टेलिफोन मोबाईल स्याटलाईट टेलीफोन | छ महिना |

(ग) सेवामलुक उद्योग

| | | |
|---|---|---|
| १ | यान्त्रीक कार्यसाला वर्कसप | छ महिना |
| २ | छापाखाना तथा छपाई सम्बन्धि सेवा | छ महिना |

| | | |
|---|---|---|
| ३ | पेशागत अनुसन्धान तथा विकास व्यवस्थापन ईन्जिनियरिङ्ग तथा महिना कानुनी लेखा लेखापरीक्षण शिक्षण प्रशिक्षण शैक्षिक तथा प्राविधिक परार्मश सेवाहरु। | छ महिना |
| ४ | जिनिङ्ग तथा लिङ्ग व्यवसाय | छ महिना |
| ५ | चलचित्र निर्माण व्यवसाय | छ महिना |
| ६ | प्रर्दशनी सेवा | छ महिना |
| ७ | सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय | छ महिना |
| १० | फोटोग्राफी | छ महिना |
| १३ | शिक्षण एवं प्रशिक्षण | छ महिना |
| १४ | पुस्तकालय अभिलेखालय तथा संग्राहालय सेवा | छ महिना |
| १५ | प्रयोगशाला | छ महिना |
| १७ | खेलकुद सेवा | छ महिना |
| १९ | हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत | छ महिना |
| २० | फोहोर मैला सङ्कलन तथा सरसफाई फोहरमैला पुन प्रशोधन | छ महिना |
| २१ | घर जग्गा खरिद गरी भूमि<br>विकास गरी बिक्री गर्ने व्यवसाय | छ महिना |

| | | |
|---|---|---|
| २२ | निर्माण सम्बन्धि भारी उपकरण हेभी इक्वीपेण्ट भाडा मर्मत तथा संचालन | छ महिना |
| २३ | पशु चिकित्सा सेवा | छ महिना |
| २४ | व्याट्री रिचार्जिङ्ग | छ महिना |
| २५ | स्वास्थ्य परीक्षण एक्स रे सिटीस्क्यान एम आर आइअल्ट्रासाउन्ड जस्ता सेवाहरुतथा स्वास्थ्य परीक्षण प्रयोगशाला | एक वर्ष |
| २८ | खाधयन्त्र कुटानी पिसानी पेलानि र प्याकिङ्ग गर्ने कार्य | छ महिना |
| २९ | कपडा तथा धागो रजाईसाइजिङ्ग र कपडा छपाई कपडा बुन्ने उद्योग आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक कार्गो व्यवसाय | छ महिना |
| ३० | प्याकेजिङ्ग रिफिलिङ्ग सेवा एलपिजी ग्याँस रिफिलिङ र सवारी ग्याँस रिफिलिङ्ग गर्ने स्टेशन समेत | छ महिना |
| ३१ | कुरियर सेवा | छ महिना |
| ३२ | ड्राइक्लिनिङ्ग व्यवसाय | छ महिना |
| ३३ | व्यूटी पार्लर | छ महिना |
| ३४ | आन्तरिक सजावट इण्टेरियर डेकोरेशन | छ महिना |
| ३५ | सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय | छ महिना |
| ३६ | प्रकासन सेवा | छ महिना |
| ३७ | विज्ञापन सेवा | छ महिना |

| | | |
|---|---|---|
| ३८ | विज्ञापन सेवा प्रदान गर्ने | छ महिना |
| ३९ | समाचर सम्प्रेषण सेवा | छ महिना |
| ४० | टेलिभिजनबाट प्रसारण गर्न छ बनाइएका कार्यक्रम र डकुन्ट्री टेलिफिल्म उत्पादन तथा प्रसारण | छ महिना |
| ४१ | स्वाइल टेष्टिङ्ग सेवा | छ महिना |
| ४२ | स्वास्थ्य हेल्थ कलव | छ महिना |
| ४३ | पानि डुवानि तथा वितरण सेवा | छ महिना |
| ४६ | व्यवसाय सम्बर्द्धन सेवा विजिनेस इन्क्यूबेस सर्भिस | छ महिना |
| ४७ | व्यापारिक कम्प्लेक्स संचालन | छ महिना |
| ४८ | वैदेशिक रोजगारी सेवा | छ महिना |
| ४९ | वायोटेक पार्क | छ महिना |
| ५२ | सिलाई बुनाइ | छ महिना |
| ५३ | खनिज अध्ययन तथा अनुसन्धान | एक वर्ष |
| ५४ | अनुसन्धान तथा विकास सेवा | छ महिना |

(घ) उत्पादनमलुक उद्योग

| | | |
|---|---|---|
| २ | प्लस्टिकका सामान उत्पादन | छ महिना |

| | | |
|---|---|---|
| ७ | अर्गानिक मल उत्पादन गर्ने | छ महिना |
| १० | खाँडसरी सख्खर उत्पादन | छ महिना |
| ११ | राइस मिल | छ महिना |
| १२ | मैदा मिल | छ महिना |
| १३ | तेल मिल | छ महिना |
| १४ | दाल मिल | छ महिना |
| १५ | फ्रुट जुस उत्पादन गर्ने | छ महिना |
| १६ | सफ्ट ड्रिङ्क उत्पादन गर्ने | छ महिना |
| १७ | पशुपक्षीका दाना उत्पादन गर्ने | छ महिना |
| १८ | एलोपेथिक औषधी उत्पादन गर्ने | छ महिना |
| १९ | आयुर्वेदिक औषधी उत्पादन | छ महिना |
| २० | पशुपक्षीका औषधी उत्पादन | छ महिना |
| ३० | मैनबत्ती अगरबत्ती उत्पादन गर्ने | छ महिना |
| ३१ | प्रिफेब्रिकेशनका सामान उत्पादन गने | छ महिना |
| ३२ | ग्रिल फलामका सामान उत्पादन गर्ने | छ महिना |

| | | |
|---|---|---|
| ३३ | जस्ता पाता उत्पादन गर्ने | छ महिना |
| ३४ | अन्य खाद्य प्रशोधन चाउचाउ चिया चिजबल्स आदि उत्पादन गर्ने | छ महिना |
| ४० | साबुन स्याम्पु वासिङ पाउडर उत्पादन गर्ने | छ महिना |
| ४१ | छालन प्रशोधन गर्ने | छ महिना |
| ४५ | फोम उत्पादन गर्ने | छ महिना |
| ४६ | धुलाई गर्ने डाई गर्ने | छ महिना |
| ४७ | धुलाई गर्ने डाई गर्ने | छ महिना |
| ४८ | प्रिन्टिङ प्रेस | छ महिना |
| ५० | स्टेशनरीका सामान उत्पादन | छ महिना |
| ५२ | पानि प्रशोधन गर्ने | छ महिना |
| ५६ | काठ मिल फर्निचर उत्पादन | छ महिना |
| ५७ | प्लाइउड उत्पादन गर्ने | छ महिना |
| ५८ | अन्य उत्पादन गर्ने | छ महिना |

## अनुसूची - ५

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित) उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थपको लागि दिने निवेदनको ढाँचा

मितिः.................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सानीभेरी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम)

विषयः उद्योग सञ्चालन / व्यवसायिक उत्पादन / कारोबार प्रारम्भ गर्ने नवधि थप गरी पाउँ ।

उपरोक्त विषयमा मिति............मा दर्ता भएकोमेरो/हाम्रो.............उद्योगले देहायका कारणले उद्योग दर्ता प्रमाण पत्रमा उल्लेख भएको अवधि भित्र उद्योग सञ्चालनवा आफनो व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकेकोले सो अवधि मिति.....
लागि थप गरिदिनुहुन निवेदन गर्दछु / गर्दछौ ।

१. उद्योग स्थापनाका लागि हालसम्म भए गरेका कार्यहरुः
(क)
(ख)
२. उद्योग सञ्चालन वा वाफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ हुन नसक्नुका कारणहरुः
(क)
(ख)
३. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन या कारोबार प्रारम्भ गर्न भएका पहलहरूः
(क)
(ख)
४. अनुसूची-२ वमोजिमको अद्यावधिक परियोजना प्रस्ताव (पाना....)
५. उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न सकिने अनुमानित अवधि ।

निवेदकको,
हस्ताक्षरः
(उद्योगको छाप) ठेगानाः
नाम, थरः
पदः मितिः

इमेलः

## अनुसूची - ६

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

उद्योग स्थानान्तरणको लागि दिने निवेदनको ढाँचा

मितिः..........

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सानीभेरी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम)

विषयः उद्योग स्थानान्तरणको स्वीकृति बारे ।

महोदय,

त्यस.....मा मिति....... मा दर्ता भएको सानीभेरी गाउँपालिका का वडा नं. ........मा स्थापना तथा सञ्चालन गर्नेगरी / सञ्चालन भईरहेको यस उद्योग देहायका कारणले गर्दा सानीभेरी गाउँपालिका ..वडा नं. मा स्थानान्तरण गर्नु पर्ने भएकोले देहायका कागजातहरु संलग्न राखी स्थानान्तरणको स्वीकृतिको लागि अनुरोध गर्दछु । यसका लागि आवश्यक कागजात यसैसाथ संलग्न गरेको छु ।

उद्योग स्थानान्तरण गर्नु पर्ने कारणहरुः

१.

संलग्न कागजातहरुः

१. उद्योग स्थानान्तरण गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय,
२. स्थानान्तरण हुने वडाको सिफारिस,
३. प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्नेको हकमा सोको सम्बन्धित निकायबाट स्वीकृत भएको प्रतिवेदन,
४. अनुसूची २ बमोजिमको अद्यावधिक परियोजना प्रस्ताव (पाना ...).
५. उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न सकिने अनुमानित अवधि ।

निवेदकको- उद्योगको छाप
हस्ताक्षरः
नाम, थरः
पदः
ठेगानाः

## अनुसूची - ७

(दफा ७ को उपदफा (२) संग सम्बन्धित )

उद्योग स्थानान्तरणको स्वीकृति पत्रको ढाँचा

मिति :............

श्री................

................

विषय :- स्थानान्तरणको लागि स्वीकृत दिइएको सम्वन्धमा ।

तपाईले मिति..........मा दिनु भएको निवेदन उपर कारवाही हुँदा सानीभेरी गाउँपालिका ...वडा नं.......... मा रहेको .....नामको उद्योगलाई उद्योगलाई सानीभेरी गाउँपालिका वडा नं.... मा स्थानान्तरण गर्नका लागि यस........को मिति....... को निर्णयानुसार स्थानान्तरण स्वीकृत दिने निर्णय भएको हुँदा देहायको शर्तको अधीनमा रही सानीभेरी गाउँपालिका औद्योगीक व्यवसाय कार्यविधि, २०८० को दफा ८ को उपदफा (२) बमोजिम उद्योग स्थानान्तरणको स्वीकृति प्रदान गरिएको छ ।

स्वीकृत दिने अधिकारीको-

हस्ताक्षरः

नाम, थर,

पदः

मितिः

**अनुसूची - ८**

(दफा ८ को उपदफा (१) संग सम्बन्धित )

उद्योगको पूँजी बुद्धी क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तनको लागि दिने निवेदन ढाँचा

मिति.............

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सानीभेरी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम)

विषयः- पूँजी बृजी. क्षमता वृद्धी र उद्देश्य थप वा परिवर्तन सम्वन्धमा ।

महोदय,

सानीभेरी गाउँपालिका ..........वडा नं... मा ........ उद्देश्य रहेको .......नामको उद्योग...... मितिमा स्थापना भई ........देखि संचालन भएको र यसउद्योगको सम्बन्धमा देहाय वमोजिमको विवरणमा परिवर्तन वा हेरफेर गर्न आवश्यक भएकोले सानीभेरी गाउँपालिका औद्योगीक व्यवसाय कार्यविधि, २०८०को दफा ८ को उपदफा (१) मा उल्लेखित कागजात र विवरण सहित यो निवेदन पेश गरेको छु/ छौ । निवेदनमा उल्लेख भएको व्यहोरा साँचो हो । झुट्टो ठहरे बमोजिम सहुँला बुझाउँला ।

परिवर्तन वा हेरफेर गर्नु पर्ने विवरणः हाल कायम रहेको

| क्र.सं. | हाल कायम रहेको | परिवर्तन वा हेरफेर गर्नु पर्ने | कारण |
|---|---|---|---|
| | | | |
| | | | |

निवेदकको.-

हस्ताक्षरः                                                  उद्योगको छाप

नाम, थरः

पदः                                                  ठेगानाः

फोन नं. / मोबाईल नं.:                                                  ईमेलः

## अनुसूची - ९

(दफा ८ को उपदफा (१) को खण्ड (ख) र दफा ९ को उपदफा (१) को खण्ड (ग) संग सम्बन्धित )

उद्योगको अधावधिक विवरण

मितिः.................

१. उद्योगको नामः

२. ठेगाना :

३. विवरण पेश गरेको अवधिः मिति.............. आर्थिक वर्ष

४. प्रोप्राईटर / साझेदार / सञ्चालकको नामः

५. उद्योग सञ्चालन भएको जम्मा दिन उद्योग संचालन भएको सुरु मितिः

६. उत्पादन तथा सेवाको वितरण:

| सिनं. | विवरण | परिमाण | | एकाइ | प्रगत इकाइ मूल्य | बिक्रि परिमाण (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत क्षमता | उत्पादन परिमाण | | | |
| | | | | | | |

७. कच्चा पदार्थ, केमिकल एवं प्याकेजिङ्ग सामाग्री

| सिनं. | विवरण | परिमाण | एकाइ | सरदर एकाइको मुल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

८. उत्पादित सामान निकासी गरेको भए

(क) निकासी भएको मुलुकको नामः-

(ख) निकासी परिमाणः

(ग) निकासीमूल्यः..

९.प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रवेश सरकारबाट उद्योगले प्राप्त गरेको कुनै सहुलियत छुट वा सुविधाः

१०. उद्योगले प्रयोग गरेका अन्य आवश्यकता

| सिनं. | विवरण | परिमाण | एकाइ | सरदर एकाइको मुल्य |
|---|---|---|---|---|
| १ | पानी | किलो लिटर | | |
| २ | विद्युत माग र वद्युत यूनिट खपत | केभिए किलोवाट परआवर | | |
| ३ | इन्धन<br>(क) कोइला<br>(ख) डिजेल<br>(ग) फर्नेश आयल<br>(घ) एल. पि. ग्याँस<br>(ङ) धानको भु<br>(च) अन्य | मे.टन<br>किलो लिटर<br>लिटर<br>मे.टन<br>मे.टन | | |

११. उद्योगमा कार्यरत जनशक्ति

| सिनं. | विवरण | संख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | अपाङ्गता भएका | कुल |
| १ | प्रशासनिक | | | | |
| २ | प्राविधिक | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | श्रमिक<br>(क) उच्च दक्ष<br>(ख) दक्ष<br>(ग) अर्धदक्ष<br>(घ) अदक्ष | | | | |

१२. उद्योग सन्यासन गर्दा गातावरबोमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनिकरणको लागि अपनाईएका उपायः

(क)

(ख)

................ ..................

तयार गर्ने स्वीकृत गर्ने

उद्योगको छाप सञ्चालक/व्यवस्थापक

## अनुसूची - १०

(दफा १० सँग सम्बन्धित )

उद्योग बन्द भएको जानकारी पत्रको ढाँचा

मितिः.................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सानीभेरी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम)

विषयः उद्योग बन्द भएको जानकारी सम्बन्धमा ।

मिति .............मा दर्ता भई सानीभेरी गाउँपालिका नं.... मा......स्थापना तथा सञ्चालन गर्ने गरी / सञ्चालन भईरहेको यस उद्योगले देहायको कारणले नियमित रुपमा सञ्चालन गर्न नसकिएको हुदाले मिति.......... देखी आवश्यक रित पुर्याई बन्द गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौ।

उद्योग बन्द गर्नु पर्ने कारणहरुः

१. आवश्यक कच्चा पदार्थ सहजरुपमा आपूर्ति नभएको,
२. पूँजीको अभाव भएको
३. बजारको समस्या भएको,
४. आन्तरिक व्यवस्थापनमा समस्या भएको
५. कामदारको अभाव भएको,
६. उद्योगले पूर्ति गर्न नसकिने मागको कारणले गर्दा कामदार र व्यवस्थापक विच समस्या उत्पन्न भएको,
७. मेसिन उपकरण मर्मत सम्भार गर्न नसकिने गरी विग्रेको,
८...................( अन्य कारणहरु)

## अनुसूची - ११

(दफा ११ को उपदफा (१) संग सम्बन्धित)

उद्योग दर्ता खारेजीको लागि दिने निवेदनको ढाँचा

मितिः.................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सानीभेरी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम)

विषयः उद्योगको दर्ता खारेज गरिदिने सम्बन्धमा ।

त्यस..........मा मिति..........मा दर्ता भई सानीभेरी गाउँपालिका वडा नं. ..... मा स्थापना भई मिति.......... देखि संचालनमा रहेको यस उद्योग मितिदेखि बन्द भएकोले सानीभेरी गाउँपालिका औद्योगीक व्यवसाय कार्यविधि, २०८० को दफा १० बमोजिम मिति...............मा नियमानुसार जानकारी गराइएकोमा हाल परिस्थितिवश एवं पूर्व उल्लेखित कारणले गर्दा यस उद्योगलाई पुनः सञ्चालन ल्याउन नसकिने भएको हुँदा सानीभेरी गाउँपालिका औद्योगिक व्यवसाय कार्यविधि, २०८० को दफा ११ को उपदफा (४) बमोजिम उद्योग दर्ता खारेज गरिदिनुहुन अनुरोध गर्दछु/गर्दछौ ।

उद्योगको छाप

निवेदकको.-
हस्ताक्षरः
नाम, थरः
ठेगानाः

## अनुसूची - १२

(दफा १२ को उपदफा (१) संग सम्बन्धित )

अभिलेख माग गर्ने निवेदनको ढाँचा

मिति…………

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सानीभेरी गाउँपालिकाको कार्यालय
रुकुम (पश्चिम)

उपर्युक्त सम्बन्धमा यस ……….मिति… मा ….. दर्ता नं.रहेको मेरो/हाम्रो ………… नाउँको उद्योगको त्यस…………मा रहेको निम्म कागजात तथा अभिलेखको विवरण……….. प्रयोजनको लागि आवश्यक परेकाले म उद्योगको सञ्चालक / अख्तियारी प्राप्त व्यक्ति भएकोले दफा १२ अनुसार प्रमाणित प्रतिलिपि उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

आवश्यक कागजातहरुको विवरणः

१.

२.

हस्ताक्षरः
नाम, थरः
ठेगानाः
फोन/मोवाइल नं.
फ्याक्स नं.ः
इमेलः-

पुनश्चः मेरो अख्तियारनामा वा परिचय पत्रको प्रतिलिपि यसैसाथ संलग्न गरेको छु ।

## अनुसूची -१३

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित )

गाउँपालिकामा दिने उखुरीको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सानीभेरी गाउँपालिका कार्यालय

रुकुम (पश्चिम)

मितिः...............

विषयः उजुरी सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा मैले हामीले मिति ....... उद्योग दर्ताकोलागि निवेदन दिएकोमा उद्योग दर्ता गर्न मिति ...... निर्णयवाट अस्वीकार भएको- उद्योग दर्ताको मितिको निर्णयबाट बमोजिम गर्नु पर्ने निर्णय वा कार्य सम्पन्न नभएको हुदाँ सो उपर आवश्यक कारवाहीको लागि सानीभेरी गाउँपालिका औद्योगिक व्यवसाय कार्यविधि, २०८० को दफा १७ को उपदफा (१) बमोजिम उजुरी पेश गरेको छु ।

नाम, थरः

हस्ताक्षरः

ठेगानाः

मितिः

आज्ञाले

दिपक बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत